# दार्जिलिङका आधुनिक नेपाली कथामा हास्यतत्त्वको प्रयोग

– सुनिला गुरुङ

**सार** – कथामा प्रयुक्त हास्यतत्त्वले हँसाई हँसाई व्यक्ति विशेषको अथवा समाजको विसङ्गतिप्रति व्यङ्ग्य गर्दछ। हास्यबाट आनन्द अनुभूति हुने हुँदा यसलाई रसका रूपमा हेरिएको छ। मानिसका विभिन्न प्रवृत्तिहरूमा हाँस्नु पनि एउटा मुख्य प्रवृति हो। मनोवैज्ञानिकहरूले हास्यलाई मान्छेको सहजात प्रवृति मानेका छन्। आचार्य भरतको मतअनुसार हास्य एउटा मुख्य रस हो र यसको उद्रेक हास नामक स्थायीभावको उद्दीपनद्वारा हुन्छ। शारीरिक, मानसिक भङ्गी र भाषाको विकृति वा विसङ्गतिबाट हास्यरस उत्पन्न हुँदछ। हास्य हाँसोसँग मात्र सम्बन्धित नभई हँसाउदै गरिने छेडपेच, घोचपेच– जस्ता व्यङ्ग्यसित पनि सम्बन्धित रहेको हुन्छ। व्यङ्ग्यबिनाको हास्यले पनि मानिसलाई आनन्द र मनोरञ्जन प्रदान गर्ने साधन बनी साहित्यमा आफ्नै स्थान बनाएको पाइन्छ। दार्जिलिङको नेपाली साहित्यमा हास्यतत्त्वलाई आत्मसात गरी साहित्य सिर्जना गर्ने कथाकारहरू थुप्रै छन्। हास्यलाई विशेष जोड दिई लेखिएका मुख्यमुख्य कथाहरूको अन्वेषण गर्नु यस अध्ययनको लक्ष्य रहेको छ। यस लेखमा हास्यको सिद्धान्त प्रस्तुत गरी तथ्यलाई सिद्धान्तका आलोकमा हेर्ने काम गरिएको छ। कथाभित्रका हास्यतत्त्वले पाठकलाई मनोरञ्जन प्रदान गर्दछ भने हास्यसँगै मुछिएको व्यङ्ग्यले व्यक्ति, समाज, राष्ट्र आदि क्षेत्रमा रहेको विकृतिलाई पाठकसमक्ष ल्याई सुधारको सन्देश पनि दिन्छ। कथामा प्रयुक्त हास्यमा रहेका यिनै आधारभूत तत्त्वको अध्ययन गर्नु प्रस्तुत शोधपत्रको उद्देश्य रहेको छ।

**बीज शब्द** – हास्य, रस, उपहास, मनोरञ्जन, गुण, रसानुभूति।

## १. हास्यको अर्थ र परिभाषा

हास्यको साधारण अर्थ हाँस्नु अथवा हाँसो हो। हास्यको उत्पत्ति विकृत वेशभूषा, अनुपयुक्त वचन तथा विद्रूपयुक्त चेष्टा आदिबाट हुन्छ। प्रयोगात्मक नेपाली शब्दकोशमा हास्यलाई यसरी अर्थ्याइएको छ– 'हास्य– तत्सम शब्द, १. हाँस, हस्सी। उसको कथनमा हास्य मात्र थियो, व्यङ्ग्य थिएन। २. हाँस्न लायक, हँसाउने खालको (उदा. हास्य रस, हास्य कलाकार, हास्यव्यङ्ग्य, हास्यजनक)'[१]। हास्नु मानिसका निम्ति अनिवार्य देखिन्छ। हास्य मान्छेका मौलिक प्रवृत्तिहरूमध्ये एउटा हो। हास्यको अभाव रहेमा मानिसको जीवन फिका लाग्दछ जसरी नुन नलाग्दा भोजन स्वादहीन, रसहीन हुन्छ। आचार्य भरतमुनिदेखि वर्तमानसम्मका विभिन्न विद्वानहरूले हास्यसम्बन्धी चिन्तन गरी विभिन्न मतहरू प्रस्तुत गरेका छन्। हाँस्नु स्वास्थ्यका लागि लाभदायक हो भन्ने कुरालाई स्वीकार्दै हिन्दी साहित्यकार डा सभापति मिश्र यसरी लेख्छन्– ''हाँस्नु जीवनको विटामिन हो, टॉनिक हो।''[२] यसरी नै अङ्ग्रेजी साहित्यकार मकडुगलले हास्यको परिभाषा यसरी दिएका छन्– ''मानिसलाई दुखको क्षणबाट बचाएर राख्ने एउटा प्राकृतिक देन हो।''[३] यसरी नै नेपाली साहित्यका समालोचक बासुदेव त्रिपाठीले हास्यलाई यसरी परिभाषित गरेका छन्– ''हास्य शब्दले संस्कृतबाट नेपाली भाषासम्म आइपुग्दा आधारभूत संस्कृत अर्थ नै बहन गरेको छ। यस शब्दले प्रथमत: हाँस्न लायक वा उपहास्य भन्ने अर्थ बुझाउँछ भने हाँस्ने क्रिया वा काम पनि हास्य शब्दबाट बुझिन्छ। त्यस्तै हास्य शब्दले ठट्टा एवम् ख्यालठट्टा, परिहास, व्यङ्ग्योपहास, छेडपेच जस्ता अर्थ विशेषलाई पनि बुझाउँछ। पारिभाषिक रूपमा चाहिँ हास्य शब्दले रस विशेषका रूपमा रहेको हास्य रसलाई पनि बुझाउँछ।''[४] समालोचक रामकृष्ण शर्माले हास्यलाई यसरी परिभाषित गरेका छन्– ''कोही हँसाई उपहासजनक हुन्छ भने कोही हँसाई सुधारात्मक हुन्छ।''[५] हास्यलाई भावका रूपमा हेर्दै समालोचक घनश्याम नेपालले लेखेका छन्– ''हास्य, रति, करुणा, ईर्ष्या, द्वेष आदि मनोभावहरू प्रत्येक मानिसमा रहने वास्तविकताहरू हुन्।[६] यी सम्पूर्ण परिभाषाहरूलाई समेटेर हेर्दा हास्य मानिसको जीवनमा रहने आनन्द हो।

१ हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई (सम्पा), वि सं २०६६, **प्रयोगात्मक नेपाली शब्दकोश**, तृतीय संस्करण, काठमाडौँ, विद्यार्थी प्रकाशन प्रा लि, पृ १०६५

२ सभापति मिश्र, सन् १९७८, **हिन्दी नाट्य साहित्य में हास्य और व्यङ्ग्य**, कानपुर, साहित्य रत्नालय, पृ ५

३ बरसानेलाल चतुर्वेदी, सन् २०१३, **हिन्दी साहित्य में हास्य– रस**, दिल्ली, पाँचौ संस्करण, आर्य बुक डिपो, पृ ६०

४ अविनाश श्रेष्ठ, फागुन–जेठ २०५१, 'हास्य–व्यङ्ग्यको सैद्धान्तिक सन्दर्भतर्फ' **प्रज्ञा**, पूर्णाङ्क ८०/ वर्ष २३, वासुदेव त्रिपाठी, काठमाडौँ, नेराप्रप्र, पृ ८६

५ एन पी थापा, सन् २०१०, **हास्य–व्यङ्ग्यका सिद्धान्तहरू**, दोस्रो संस्करण, सिलगडी, श्रीमती पार्वती सिन्हा थापा, पृ ३२

६ घनश्याम नेपाल, सन् २००५, **आख्यानका कुरा**, दोस्रो संस्करण, प्रधाननगर, सिलगडी, एकता बुक हाउस प्रा लि, पृ २६

**२. हास्य र हास्य–व्यङ्ग्य**

मानिसले आफ्ना मनका खुसी, सन्तोष, उमङ्ग जस्ता मनको भावलाई खुलस्त रूपमा बाहिर प्रकट गर्न हाँसोलाई साधन बनाउँछन्। हास्य हाँसोसँग मात्र सम्बन्धित नभई हँसाइ हँसाइ गरिने छेडपेच, घोचपेच जस्ता व्यङ्ग्यसित पनि सम्बन्धित रहेको हुन्छ। वास्तवमा हास्य भन्नसाथ त्यसभित्र व्यङ्ग्य र व्यङ्ग्यभित्र हास्य हुनैपर्छ भन्ने अनिवार्यता त्यति देखिँदैन। हास्य र व्यङ्ग्यलाई एकअर्काको सम्पूरक मानिलिए पनि सामानार्थी भने होइनन्। इन्साइक्लोपिडिया ब्रिटानिकामा हास्य र व्यङ्ग्यको यसरी चर्चा गरेको पाइन्छ– ''साहित्यिक विधाका रूपमा हास्यास्पद अभिव्यक्ति दिनु, सहज ढङ्गले उपहास गर्नु र असन्तोष प्रकट गर्नु व्यङ्ग्य हो। त्यसमा हास्य अनिवार्य रूपमा रहेको हुन्छ। हास्यहीन व्यङ्ग्य गाली गलौजका तहमा रहन्छ।'' प्रस्तुत भनाइबाट स्पष्ट हुन्छ मानिसले असामान्यताप्रति असन्तोष भाव प्रकट गर्नु छ भने हास्यको साथ व्यङ्ग्यको प्रयोग गर्नुपर्छ। मानिसलाई आनन्द र मनोरञ्जन भने विशुद्ध हाँसोले मात्र दिन सक्तछ। हास्य र व्यङ्ग्य शब्द साहित्यमा संयुक्त रूपमा आए तापनि यसमा समानता र भिन्नता भने रहेकै हुन्छ। उक्त कुरालाई यसरी हेर्न सकिन्छ–

- हास्य र व्यङ्ग्य विधामा प्रयुक्त हुने शैली हो।
- हास्य र व्यङ्ग्य साहित्यलाई रोचक र हृदयस्पर्शी पार्ने तत्त्व हुन्।
- हास्यतत्त्वबिना छेडपेच बढी विषाक्त, कटु र आक्रामक हुन्छ भने हास्यले कठोर व्यङ्ग्य वा छेडपेचलाई पनि मधुर तुल्याइदिन्छ।
- हास्य र व्यङ्ग्य आआफ्नो पक्षमा बेजोड छन्। हास्यकारले आफ्नो रचनामा पाठकलाई हँसाउँदै मनोरञ्जनको संसारमा पुऱ्याउँछ भने व्यङ्ग्यकारले आफ्नो रचनामा उभिएर व्यङ्ग्यद्वारा समाज विरोधी तत्त्वहरूलाई प्रत्यक्ष परोक्ष रूपमा सुधारकको आह्वान गरिरहेको हुन्छ।

**३. साहित्यमा हास्यको प्रयोजन र महत्त्व**

साहित्यका नौवटा रसमध्ये हास्य रस पनि एउटा हो। मनदेखि हँसाउने, हर्षको आँसु खसाउने आदि विविध हाँसो रहेको लेखलाई नै वास्तविक रूपमा हास्यात्मक लेख भन्न सकिन्छ। हास्यलाई मानिसको जीवनको पूरक मानिने हुनाले मानिसद्वारा सिर्जिएको साहित्यमा हास्यको प्रयोग गर्नु स्वाभाविकै ठहरिन्छ। हास्ययुक्त साहित्य सृजन स्वस्थ समाजको सूचक हो भन्न सकिन्छ। हास्य साहित्यको अनन्य शक्ति हुनाले यसले मानिसहरूलाई साहित्यतर्फ प्रेरित र आकर्षित पनि पार्दै ल्याएको छ। मानिसहरूको जीवनमा विभिन्न तनाउहरू देखिन्छ। ती तनाउबाट मुक्त गराएर आनन्द प्रदान गर्ने ध्येयले पनि साहित्यमा हास्यको प्रयोग गरिएको हो भनेर भन्न सकिन्छ। साहित्य नै समाजको दर्पण मानिने हुनाले समाजमा

भइरहेको विसङ्गतिहरूलाई हास्य व्यङ्ग्यको प्रयोग गरी त्यसलाई सुधार्ने चेष्टा गर्दछ। तसर्थ साहित्यमा व्यङ्ग्यको आवश्यकता अनिवार्य देखिन्छ। व्यङ्ग्यको प्रयोगले मात्र रचनाहरू आकर्षक हुने भएकाले त्यहाँ हास्यको प्रस्तुति रहे स्वत: मनोरञ्जनात्मक, सरस, र हृदयस्पर्शी बन्दछ। साहित्यमा हास्यको प्रयोगले रचनालाई आकर्षक बनाउँछ भने हँसिलो व्यङ्ग्यले मान्छेमा सुधार ल्याउँछ। साहित्यमा हास्य व्यङ्ग्य प्रयोगको आफ्नो छुट्टै महत्व रहेको देखिन्छ।

**४. साहित्यमा हास्यको विषयवस्तु**

मानिसका जीवनमा घटेका विविध घटना, सङगति–विसङगतिहरू नै साहित्यका विषयवस्तु हुन्। यही विषयवस्तुलाई साहित्यकारहरूले विभिन्न विधामा उतार्छन्। यी विषयवस्तुलाई साहित्यमा प्रस्तुत गर्ने विभिन्न शैली छन्, यी शैलीहरूमध्ये हास्य पनि एउटा हो। हास्य शैली पद्य र गद्य दुवै विधामा प्रयुक्त हुन्छन्। प्रस्तुत लेखमा विशेष कथा विधामा प्रयुक्त हास्यतत्त्वको अध्ययन गरिनेछ। नेपाली मानिसहरू व्यङ्ग्यभन्दा अधिक विनोदपूर्ण हास्य–चेतनाले प्रेरित भएको हुनाले नेपाली साहित्यमा पनि हास्यको अभिव्यक्ति धेरै पाइन्छ। साहित्यमा हास्यले आफ्नै प्रकारको विशेषता वहन गरेको पाइन्छ। साहित्यमा हास्यको विषयवस्तु समाज तथा राष्ट्र क्षेत्रमा देखिने विसङ्गतिहरूमध्ये कुनै पनि हुनसक्छ। सामान्यत: सामाजिक, राजनैतिक, आर्थिक, धार्मिक, सांस्कृतिक, साहित्यिक, व्यक्तिगत, शैक्षिक विषयवस्तुलाई आधार बनाएर साहित्यिक रचना सिर्जना गर्न सकिन्छ। विषयवस्तुका दृष्टिकोणले कथाको वर्गीकरण हास्यरसात्मक कथा भनी छुट्ट्याएर अध्ययन गरिएको पाइन्छ।

**५. हास्यको वर्गीकरण**

हास्यका प्रकारबारे विभिन्न विद्वानहरूद्वारा अध्ययन गरी विविध मतहरू अघि सारिएका छन्। तीमध्ये केही प्रकारहरू यसप्रकार छन्–

पूर्वीय आचार्यहरूका मतमा हास्यको वर्गीकरण– स्मित, हसित, विहसित, उपहसित, अपहसित अतिहसित।

स्मित– मुसुमुसु हास्नु।

हसित– अलिअलि दाँत देखाई हाँस्नु।

विहसित– मसिनो स्वर वा आवाज निकालेर हाँस्नु।

उपहसित– शिर, हात, खुट्टा हल्लाएर खित्का छाडी हाँस्नु।

अपहसित– आँखाबाट आँसु निस्किन्जेल हाँस्नु।

अतिहसित– अट्टाहास गरेर हाँस्नु।

यी ६ प्रकारका हास्यलाई पूर्वीय आचार्यहरूले प्रकृतिगत दृष्टिले तीन वर्गमा विभाजित गरेका छन्– उत्तम, मध्यम, अधम।[७]

उत्तम– स्मित र हसित हास्य।

मध्यम– विहसित र उपहसित हास्य।

अधम– अपहसित र अतिहसित हास्य।

आचार्य भरतले आलम्बनका दृष्टिले हास्यका दुईवटा भेद देखाएका छन्– आत्मस्थ र परस्थ।[८]

आत्मस्थ– हास्य विभावहरू देखी आफै हाँस्नु।

परस्थ– अरू हाँसेको देखी आफू पनि हाँस्नु।

पूर्वीय आचार्यहरूले झैँ पाश्चात्य साहित्यशास्त्रीहरूले पनि हास्यका ६ वटा भेद देखाएका छन्। ती यस प्रकार छन्–

हास्य (ह्यूमर)– केवल हास्यतत्त्वको उपस्थिति रहने, घृणा, तिरस्कार जस्ता भावहरू नहुने।

वाक्छल– वाग्वैदग्ध (विट्)– शब्दमा विवेकको मित्वययता भएर उक्तिमा चमत्कार हुने, अनुभवी एवम् चतुर स्रष्टाद्वारा रचिने उक्ति।

वक्रोक्ति (आइरोनी)– बाङ्गो वा घुमाउरो कथन, हास्य प्रकट गर्ने माध्यम, विसङ्गत तत्त्वहरूप्रति सोझै प्रहार नगरी अट्टहास र प्रेमको आवरणले ढाकेर भन्नु।

व्यङ्ग्य (सटायर)– विषयलाई उपहास बनाई त्यसप्रति मनोरञ्जनद्वारा तिरस्कार, घृणा आदि भावहरू प्रकट गर्नु। कुनै वस्तुप्रति हाँसो उडाउनु वा उपहास गर्नु।

प्रहसन (कमेडी)– धेरै मात्रामा हास्य रहनु, हास्यद्वारा मनोरञ्जन दिनु, पश्चिमेली सुखान्त नाटकको पर्याय रूप।[९]

हिन्दी साहित्यका रामकुमार वर्माले पाश्चात्य साहित्यमा उपलब्ध हास्यका मुख्य भेदहरूलाई स्विकार्दै हास्यलाई पाँच प्रकारमा यसरी वर्गीकरण गरेका छन्–

सहज– विनोद (विट), अट्टाहस (लाउटर)

दृष्टिविकार– अतिरञ्जना (क्यारिकेचर), विद्रूप (कन्ट्र्यास्ट)

भावविकार– परिहास (प्यारोडी), उपहास (कमिक)

ध्वनिविकार– व्योजोक्ति (सर्काज्म), वक्रोक्ति (टेन्डेन्सी विट)

---

७ गोविन्दप्रसाद भट्टराई, वि सं २०२९, **भरतमुनिको नाट्यशास्त्र** (नेपाली अनुवाद), नेराप्रप्र, पृ ९१

८ केशवप्रसाद उपाध्याय, वि सं २०४३, **साहित्य प्रकाश**, पुलचोक, ललितपुर, साझा प्रकाशन, पृ २५२

९ बरसानेलाल चतुर्वेदी, सन् २०१३, **हिन्दी साहित्य में हास्य–रस**, पूर्ववत्, पृ १२

बुद्धिविकार– व्यङ्ग्य (आइरोनी), विकृति (सटायर)[१०]

पूर्वीय र पाश्चात्य चिन्तकहरूका धारणालाई आत्मसात् गरेर राजेन्द्र सुवेदी र हरिमणि शर्माले हास्यलाई निम्न प्रकारले वर्गीकरण गरेका छन्–

स्मित हास्य (ह्यूमर)
वाग्वैदग्ध्य (विट्)
व्यङ्ग्य (सटायर)
वक्रोक्ति (आइरोनी)
विद्रूप (कन्ट्र्यास्ट)[११]

यसरी नै हास्यका अनेकौँ वैकल्पिक भेद हुन्छन् भनेर समालोचक घनश्याम नेपालले केही भेदहरूको चर्चा यसरी गरेका छन्– खिस्स वा फिस्स हाँस्नु, मुसुक्क हाँस्नु, खितिति हाँस्नु, भुँडी मिचिमिचि हाँस्नु, गडगडाएर हाँस्नु, मनमनमा हाँस्नु आदि।[१२]

## ६. दार्जिलिङका आधुनिक नेपाली कथामा हास्यतत्त्वको प्रयोग

नेपाली कथासाहित्यमा आधुनिक कथा कुन हो? भन्ने बारे धेरै विवाद रहेको पाइन्छ। नेपाली कथासाहित्यको इतिहास र शोधपरक कार्यको सर्वेक्षण गरेर हेर्दा नेपाली साहित्यका धेरैजसो इतिहासकार र समालोचकहरूले सन् १९३४– मा शारदा पत्रिकामा प्रकाशित गुरुप्रसाद मैनालीको नासो कथालाई नै आधुनिक नेपाली कथा मानेका छन्। भारतीय नेपाली कथासाहित्यमा दार्जिलिङबाट सन् १९३८ मा प्रकाशित कथाहरूको पहिलो सङ्कलन **कथा कुसुम**मा सङ्कलित कथाहरूबाट आधुनिकताको थालनी भएको मानिन्छ। तर उक्त सङकलनमा दार्जिलिङका कथाहरू छैनन्। सन् १९३८ भन्दा अघिबाटै दार्जिलिङका कथाकार रूपनारायण सिँहले सन् १९२७ मा परिवर्तन र अन्नपूर्ण जस्ता कथा लेखिसकेका छन्। खासगरी समयसापेक्ष रहेर सामाजिक धरातललाई कथामा समेट्ने रूपनारायण सिँहलाई दार्जिलिङका आधुनिक नेपाली कथाकारका रूपमा मान्न सकिन्छ। दार्जिलिङका आधुनिक नेपाली कथाकारहरूको कथाकारितामा पाइने एउटा छुट्टै विशेषताको रूप तिनीहरूले प्रयोग गरेको हास्य शैली हो। कथाको भाव

१० धीरेन्द्र वर्मा (सम्पा), सन् १९८५, **हिन्दी साहित्य कोश**, भाग १(पारिभाषिक शब्दावली), तृतीय संस्करण, वाराणसी, ज्ञानमण्डल लिमिटेड, पृ ८०९

११ राजेन्द्र सुवेदी अनि हीरामणि शर्मा (सम्पा), वि सं २०५१, 'भूमिका', **नेपाली हास्य–व्यङ्ग्य निबन्ध**, द्वितीय संस्करण, पुलचोक, ललितपुर, साझा प्रकाशन, पृ ग

१२ घनश्याम नेपाल, सन् २००८, 'हास्य–व्यङ्ग्य लेखनमा सानुभाइ शर्मा' सानुभाइ शर्मा, **अवकाशको क्षण**, श्याम प्रकाशन

पक्षलाई नै रोचक बनाउने हास्य शैली आधुनिक नेपाली कथाहरूमा विशेष प्रयोग भएको पाइन्छ। आधुनिक कथाकारहरूले सामाजिक विसङ्गति, अन्धविश्वास आदिलाई कथाको विषयवस्तु बनाई हास्यरसका कथाहरू सिर्जना गरेको देखिन्छ। कथामा आनन्दको उदगम हुने हुनाले यो रसमय हुनुपर्छ भन्ने ईश्वर बरालको विचारबारे मनन गर्दा कथालाई रसमय र आनन्दमय बनाउने एउटा मुख्य तत्त्व हास्य पनि हो। कथालाई रसमय तुल्याउने यस्ता तत्त्व कथाकारहरूले प्रयोग गरेका छन्। दार्जिलिङबाट हास्यतत्त्वलाई समावेश गर्दै कलम चलाउने प्रमुख कथाकारहरू यसप्रकार छन्– हीराकुमार सिँह छेत्री, रूपनारायण सिँह, परशुराम रोका, शिवकुमार राई, एम एम गुरुङ, हायमानदास राई 'किरात', अच्छा राई 'रसिक', ऋषि (मसी प्रकाश सुब्बा), इन्द्रबहादुर राई, प्रेम प्रसाद थापा, सुरेश राई, हरिशचन्द्र बमजन, विक्रम रूपासा, रामलाल अधिकारी, पारसमणि प्रधान, कामुसिँह मुखिया, तिलक राई, त्रिलोक राई, वीरविक्रम गुरुङ, आई के सिँह, नरबहादुर दाहाल, जगत छेत्री आदि। हास्य प्रवृत्ति प्रबल रूपमा रहेका केही सान्दर्भिक कथाहरूलाई यसप्रकारले अध्ययन गर्न सकिन्छ।

समालोचक तथा शोधकर्ताहरूले **खोजी** पत्रिका (अङ्क ३)–मा प्रकाशित हीराकुमार सिँहको 'नारदजीको भारत भ्रमण' (सन् १९४०)लाई दार्जिलिङबाट लेखिएको प्रथम हास्य कथा मानेका छन्। उक्त कथामा स्वर्गको नारदमुनि धरतीमा घुम्न आएको र भारतको बनारस, कलकत्तामा देवताहरूको नराम्रो प्रकारले नक्कल गरी बाइस्कोप देखाउने गरेको कुराहरूको वर्णन गरेका छन् भने ती बाइस्कोप हेरेर नारदजी रिसाएर स्वर्ग फर्केको वर्णन छ। शीर्षक नै हास्यात्मक लाग्ने कथाको काल्पनिक घटनाहरूमा भने यथार्थ चित्रण पाइन्छ। कथाको सम्पूर्ण ढाँचा हास्य–व्यङ्ग्य परिपाटीमा छ। **खोजी**कै अङ्क ८ मा प्रकाशित उनको अर्को कथा 'श्रीमानको भाग्य' पनि हास्यरसले भरिएको पाइन्छ। उक्त कथाभित्र रहेका प्राय: संवादहरूमा हास्य तत्त्व भेटिन्छ। कथामा पाइने  हास्यात्मक पङ्क्तिलाई हेर्न सकिन्छ– ''टेस्ट इम्तिहान सक्यो। फल सुनाउने दिन। पाँच बजे बिहान एक आनाको फूल मिठाई, सिन्दूर, कपुर इत्यादि लिएर महाकाल बाबाका थानामा गएँ। यो पालि ता मलाई कोही सुरतले पनि उमकाइ देऊ है भनी प्रार्थना गरेँ। फल सुनाइयो तर महाकाल बाबाले हेडमास्टरलाई मेरा अर्जीका बारेमा चिट्ठी लेख्ने फुरसत पाएनन् कि कसो हो मेरा नाममा निसान त छँदैछ।'[१३] प्रस्तुत कथाको हास्यतत्त्वले शैक्षिक, सामाजिक, धार्मिक विषयप्रति व्यङ्ग्य कसेका छन्। यस उदाहरणमा वक्रोक्ति (आइरोनी) पाइन्छ। हास्य प्रकट गर्ने माध्यमले घुमाएर नपढी परिक्षा दिने विद्यार्थीहरूप्रति अट्टाहस गरेर भनेका छन्। यसरी दार्जिलिङका आधुनिक नेपाली कथाकारहरूले हास्यरसको परिपाटीमा कथा लेख्न थालेको देखिन्छ।

कथाकार शिवकुमार राई विविध प्रवृत्तिहरू प्रयोग गरी रोचक  कथा बुन्नु सिपालु थिए। हास्य तत्त्व उनका कथाहरूमा पाइने रोचक विषय हो। 'छाता', 'कस्तो मानिस!', 'एब्सट्र्याक्ट आर्ट', 'म

१३  रूपनारायण सिन्हा (सम्पा), सितम्बर १९४०– अगस्त १९४१, **खोजी**, दार्जिलिङ, गोर्खा दुख निवारक सम्मेलन, पृ ५

तिनीदेखि बाँच्न चाहान्छु–मेरो छिमेकीसित' (खहरे कथासङ्ग्रह), 'साहित्यिक', 'जरजेटको सारी', 'बाजी', 'कुकुर' (यात्री कथासङ्ग्रह), 'दिल्लीको सुर्मावाला', 'शिल्पी' (फ्रण्टियर कथासङ्ग्रह), 'पालोको पैँचो' (बडा डिनर कथासङ्ग्रह), 'प्रेमलालको बिहे', 'सन्की वा सन्त' (शिवकुमार राईका सात कथा) जस्ता कथाहरूमा हास्य तत्त्व प्रबल रूपमा रहेको पाइन्छ। उक्त कथाहरूमा रहेको हास्यले पाठकलाई पढ्दा मनोरञ्जन दिन्छ भने हाँसोसँग मुछिएका व्यङ्ग्यले विविध क्षेत्रमा विकासको सन्देश पनि दिएको छ। जसरी कथालाई चटक्क पार्ने शब्दहरू चुन्नमा शिवकुमार राई खप्पिस छन् त्यस्तै कथामा मनोरञ्जन ल्याउनलाई हास्य शैली प्रयोग गर्न उनी सिपालु देखिन्छन्। कथामा पात्रहरूको चारित्रिक गतिविधिलाई हास्यात्मक पारामा प्रकटीकरण गर्दै कथा बुनेका छन्। उनका कथामा प्रयुक्त हास्यले सामाजिक, आर्थिक, साहित्यिक विषयवस्तुमा आधारित मानिसक चरित्रलाई प्रस्तुत गरेको छ भने त्यसभित्र रहेका विकृति र विसङ्गतिलाई घतलाग्दा र रोचक ढङ्गले प्रस्तुत गरेको पाइन्छ। सहज, प्रभावकारी, परिहास, तथा विनोदशीलता यिनका कथामा मज्जा लाग्ने तत्त्वहरू हुन्। उनका कथालेखनमा पाइने विशिष्टता भाषा प्रयोग पनि हो। अनुकरण शब्द, ठेट शब्द, झर्रा वा लोक भाषा, वाग्धारा, उखान, तुक्का आदिको प्रयोगले राईका कथाहरू पठनीय र रोचक रहेका छन् भने यस्ता शब्दहरूद्वारा पनि हास्यको सिर्जना भएको पाइन्छ। हास्य प्रयोगका सन्दर्भमा उनका उत्कृष्ट कथा 'छाता'बाट निम्न उदाहरण लिन सकिन्छ– ''यसो ऐना हेरेँ, अनुहारमा मोसो पोतेजस्तो लिपिएका काला दागहरू कमिजको घिच्रामा कालो लेदो जमेको। मनमनै सोँचे, लौ साढे पाँचको छाता, तैँले गर्न गरिस, सस्तो बेसाहाले पखालो चल्छ भनेको यही हो। नयाँ छाताको रंग यसरी पखालिनु पर्छ, समय कस्तो आयो, जे कुरोमा पनि आँखामा छारो हाल्ने काम मात्र छ।''[१४] कथाको 'म' पात्र प्राथमिक पाठशालाका शिक्षक हुन् जसको आर्थिक अवस्थालाई एउटा छाताले उदाङ्गो पारेको छ। महङ्गो छाता किन्न नसक्दा सस्तो छाता लिएर पाठशाला पुग्दा छाताको रङ्ग बगेर अनुहार, घाँटी, सेतो कमीज र प्यान्ट जम्मै मोसो दले झैँ हुन्छ। प्रस्तुत वाक्यमा पात्रको पहिरनको जुन व्याख्या गरिएको छ त्यसबाट हास्य सिर्जना हुँदछ। शिक्षकको अवस्था देखेर विद्यार्थीहरू हाँस्छन्। विद्यार्थीहरूको हाँसोमा अपहसित हास्य रहेको छ। शिक्षक भएर पनि आर्थिक अवस्था राम्रो नभएको स्थितिको यथार्थ उद्घाटनले पाठकमा हास्य उत्पन्न गराउँदछ। सस्तो दाम भनेर खराब चिज बेच्ने दोकानदारहरूप्रति पनि तीव्र व्यङ्ग्य कसिएको छ। सस्तो बेसाहाले पखालो चल्छजस्ता उखानले वाक्यमा हास्य भरिएको छ।

नेपाली साहित्यको परिचयात्मक इतिहासमा घनश्याम नेपालले ''हास्यका कुशल प्रयोक्ता कृष्णप्रसाद चापागाईंको प्रवृत्तिलाई समेटेर कथा लेख्ने कथाकार हुन्''[१५] भनेर अच्छा राई रसिकलाई हास्य

१४ शिवकुमार राई, सन् २००७, **खहरे**, गान्तोक, जनपक्ष प्रकाशन, पृ २४

१५ घनश्याम नेपाल, सन् २००९, **नेपाली साहित्यको परिचयात्मक इतिहास**, एकता बुक हाउस, पृ १९३

कथाकारका रूपमा चिनाएका छन्। उनका कथाहरूमा समाजका विकृति, विसङ्गति, अन्यायलाई कथाको स्वरूप दिएर हास्यको साथ व्यङ्ग्य प्रहार गरिएको हुन्छ। दार्जिलिङका नेपाली साहित्यमा हास्य–व्यङ्ग्यलाई प्राथमिकता दिई रसिकले थुप्रै कथाहरू लेखेका छन्। **'रसिक' रचनावली**मा सङ्कलित 'कान्छी', 'लोभी बाहुन', 'चपरासी', 'साली नानी', 'औँठी', 'प्रेम मेरो कर्तव्य थियो' जस्ता कथाहरूमा रसिकले हास्य शैलीको प्रयोग गरेका छन्। उनका कथाहरूमा रहेको हास्यमा चर्को व्यङ्ग्य र यथार्थको राम्रो चित्रण भएको हुन्छ। यस्तै हास्य र व्यङ्ग्यले पूर्ण रहेको कथा 'कान्छी'लाई हेर्न सकिन्छ। समाजमा रहेको बहुपत्नीको चलनलाई कथामा उतारी हास्यसँगै व्यङ्ग्य कसेका छन्। जेठी र कान्छीको झगडाको चपेटमा परेर बाँच्नु परिरहेको पति (म पात्र) को अवस्थालाई अति रोचक ढङ्गले कथामा प्रस्तुत गरिएको छ। यी दुई पत्नीहरूबिच भएको छेडपेच र झगडामा हास्यको झलक पाइन्छ। एक पल्टको कुरो, (हुन त कति हो कति खेप) कान्छीले मेरो ओछ्यान मिलाइदिइन् भनेर जेठीले झटारिछ, कामबाट घरमा जाँदा त वहाँ दुई सौताहरू अँगालो मारी बसेका भेटे– जेठीले कान्छीको जगल्टा समातेर औ कान्छीले जेठीको चुल्ठो लुछेर![१६] कथा पढ्दा उक्त घटनाहरू पाठकका आँखाअघि झल्झलती आउँछन् र हाँसो उठ्दछ। बहुपत्नी विवाह गर्नेहरूप्रति हाँसो उडाउँदै उनले व्यङ्ग्य गरेका छन्। जेठी पात्रले घरिघरि हिन्दी सिनेमाको डायलग सोख–से!भनेर कथाभित्रका पात्रहरूलाई हँसाएकी छन् भने उनको हँसाउने चरित्रले पाठकलाई पनि हाँसो उठ्दछ। यस कथामा कतै शुद्ध हाँसो पाइन्छ भने कतै व्यङ्ग्यसित मुसिएको हाँसो पाइन्छ। कथाकारले सामाजिक विषयवस्तुको यथार्थ चित्रण गर्दै मानवीय व्यवहारमा जागरुकता ल्याउनुपर्ने सन्देश पनि दिन चाहेका छन्।

शब्दसंयोजनको खेलद्वारा पाठकलाई हँसाउने प्रमुख कथाकार हुन प्रेम थापा। उनी दार्जिलिङका नेपाली कथासाहित्यमा हास्य कथाकारकै रूपमा परिचित छन्। प्रेम थापाका कथाहरूले पाठकलाई मनग्गे हँसाएको र पाठकले मनोविनोद गर्दै आइरहेको कुरा नेपाली कथा यात्रा नामक पुस्तकमा रामलाल अधिकारीले उल्लेख गरेका छन्।[१७] विभिन्न क्षेत्रमा देखिने असङ्गतिलाई आफ्ना कथाहरूमा हास्यात्मक परिपाटीले उद्धृत गर्नु थापाको कथागत् प्रवृत्ति देखिन्छ। उनको **प्रेम थापाका कथाहरू** कथासङ्ग्रहभित्र रहेका प्राय: कथाहरूमा हास्यतत्त्व रहेको पाइन्छ। 'प्रेम स्मारक', 'मिस छ्वाँकी', 'प्रेमको भोक', 'लोकमान रेलमा चढ्यो', 'मेरो बिहा', 'ठीक निर्णय दिएछु!' आदि कथाहरू हास्यलाई नै प्राथमिकता दिएर लेखिएका छन्। कथाहरूमा रहेको सामाजिक तथा मानसिक विकृति, आर्थिक अवस्था, जीवनको अस्तव्यस्तता, प्रेम प्रसङ्ग, शिक्षा, संस्कार–संस्कृति, राजनैतिक, व्यक्तिगत आदि विषयलाई हास्यशैलीको प्रयोगद्वारा उनले रोचक ढङ्गमा प्रस्तुत गरेका छन्। 'मिस छ्वाँकी' शीर्षक कथामा विशेष प्रेम प्रसङ्ग र

१६ रामलाल अधिकारी (सम्पा), सन् १९८२, **रसिक रचनावली**, दार्जिलिङ, श्याम ब्रदर्स प्रकाशन, पृ ७१

१७ रामलाल अधिकारी (सम्पा), सन् १९८८, **नेपाली कथा यात्रा**, दिल्ली, साहित्य अकादमी, पृ २९

मान्छेका विकृतिलाई हास्यात्मक परिपाटीले व्यङ्ग्य गरेको पाइन्छ। ''म सेकेण्ड सीटमा चढेँ। त्यहाँ एउटा पुलिस अफिसर पनि रहेछन्। त्यहाँ टाँगिएको सिग्रेट पीना मना है सूचनालाई ध्यानपूर्वक पढेर तिनले खल्तीबाट सिग्रेट निकाली छेवैका दुई जनालाई दिएर आफैँले पनि सल्काए।[१८] उक्त वाक्यमा टड्कारो व्यङ्ग्य मिश्रित हाँसो रहेको छ। पात्रहरूको अनौठो व्यवहारले धेरै हँसाएको छ भने मिस् छ्वाकी, घैँटे, टिलटिल (म पात्र), मिस उल्कादेवी– जस्ता हास्य पात्रहरूको प्रयोग उनले गरेका छन्।

कथाकार रूपनारायण सिँहका कथाहरूमा दार्जिलिङका नेपाली जनजीवनको सामाजिक, आर्थिक, शैक्षिक, धार्मिक आदि स्थितिको वास्तविक चित्रण पाइन्छ। कथामा पाइने ती वास्तविक चित्रणहरूमा हास्य र व्यङ्ग्यको मिश्रण पाइन्छ। समाजमा रहेको जात धर्मप्रतिको अन्धविश्वास, कुरीति र कुसंस्कारलाई कथाका पात्रद्वारा समाजबाट हटाउनुपर्ने सन्देश दिएका छन्। 'बिग्रेको बाहुन', 'पुष्पराग', 'जिम्मावारी कसको?' जस्ता कथाहरू यस्ता विषयमा लेखिएका ज्वलन्त उदाहरण हुन्। उनको अर्को उत्कृष्ट कथा 'धनमतीको सिनेमा स्वप्न'मा सिनेमा अभिनेत्री हुने व्यर्थको सपना बोकेर हिँड्ने धनमतीको जीवनमा घटेका घटनाहरू कारुणिक हुँदाहुँदै पनि त्यसभित्र रहेको हास्य–व्यङ्ग्यले पाठकलाई आनन्द दिदँछ। प्रस्तुत कथाले आफ्नो क्षमताअनुसार पाइला चाल्नुपर्ने नत्र जीवनमा दुर्दिन देख्नुपर्छ भन्ने यथार्थ भाव प्रस्तुत गरिएको छ भने आफ्नो जीवन दुर्दशापूर्ण बनाउने युवतीहरूप्रति तिखो व्यङ्ग्य पनि गरिएको छ।

इन्द्रबहादुर राईका कथाहरूमा पनि हास्य चेतना रहेको पाइन्छ। बौद्धिक कथाकारका रूपमा चिनिने राईका कतिपय कथाहरू जतिनै क्लिष्ट रहे तापनि पात्रहरूको अनौठो व्यवहार, वाक्–शैली एवम् विनोदशीलताको कारण रोचक बन्न पुगेका छन्। विनोदी प्रसङ्गद्वारा हास्य सृजना गर्दै विविध पक्षलाई व्यङ्ग्य गर्नु उनको कथागत् प्रवृत्ति देखिन्छ। उनका **विपना कतिपय** कथासङ्ग्रहभित्र सङ्कलित 'छुट्ट्याइयो' शीर्षक कथामा हास्य रहेको छ। प्रस्तुत कथाभित्र वैवाहिक जीवनमा विभिन्न असन्तुष्टिको कारण पति पत्नीबिच छुट्टानाम भएको छ। छुट्टानामको समयमा पनि पति पत्नीको वार्तालापले कति ठाउँ पाठकलाई हँसाएको छ। प्रस्तुत कथामा वैवाहिक जीवनमा देखापर्ने असन्तुष्टिको आलोचना गर्दै वास्तविकताको उद्घाटन गरिएको छ भने विवाहपछि छुट्ट्याइने जस्ता अप्रिय कार्यलाई पुन: मिलाउने सन्देश दिइएको छ।

हास्य–व्यङ्ग्यलाई प्रधानता दिई कथा लेख्ने अर्का कथाकार हरिश बमजन हुन्। उनका तीनवटा कथासङ्ग्रह छन्, ती हुन्– **१००० को नोट, आफ्नै डायरी : आफ्नै कहानी**, र **बाध्यता र जिन्दगी**। **१०००को नोट** कथासङ्ग्रहलाई कथाकारले हास्य–व्यङ्ग्यप्रधान कथासङ्ग्रह भनेर लेखेका छन्। बमजनका कथाहरू प्राय: पत्रात्मक ढाँचामा लेखिएका छन् भने शैली चाहिँ हास्यात्मक रहेको पाइन्छ। उनका 'प्रेम–पत्र र पुनश्च:', 'पुङपाङे लेखकको डाङडुङे डायरी', '१००० को नोट',

१८ प्रेम थापा, सन् २००१, **प्रेम थापाका कथाहरू**, दार्जिलिङ, साझा पुस्तक प्रकाशन, पृ ४७

'अँध्यारो गल्ली : उत्ताउलो चाला', 'पुतलीको फुरफुर', 'रूपसी', 'रोड इन्सपेक्टर', 'आफ्नै डायरी : आफ्नै कहानी' जस्ता कथाहरूमा नारी चरित्र, राजनैतिक गतिविधि, प्रेम प्रसङ्ग आदि विभिन्न विषयवस्तुलाई हास्यात्मक शैलीमा प्रस्तुत गरिएको छ। 'प्रेम–पत्र र पुनश्च:' कथामा शारीरिक विघटनको हास्यजनक वर्णन पाइन्छ। 'पुङपाङे लेखकको डाङडुङे डायरी' कथामा 'लाज पचिसकेका नेता जनताका देवता हुन्छन्'[१९] भनेर राजनीतिमा लागेका नेताहरूलाई छेड हानिएको छ। उक्त कथा हास्यतत्त्वले भरिएको छ।

यसै गरी परशुराम रोकाको 'मृत्युकै मुखेन्जी', 'मेरो पुरानो स्कूल' र 'ट्रेजेडी', वीरविक्रम गुरुङको 'जोइटिङ्ग्रे', 'कुखुराको भाले', 'ऋषिको स्वीट ड्रीम', इन्द्र सुन्दासको 'ऐते पाइलट', कामूसिँह मुखियाको 'प्रेम पागल', त्रिलोक राईका 'अंत म को', 'ठूलेले चान हान्यो', 'घुम्ती घर काइँली', रामलाल अधिकारीका 'नेताको छड्के दौडाहा', जगत् छेत्रीको 'बुहारी हेर्न जाँदा' जस्ता दार्जिलिङबाट प्रकाशित कथाहरूमा पनि हास्यतत्त्व विशेष रूपमा रहेको पाइन्छ।

### ७. निष्कर्ष

दार्जिलिङबाट प्रकाशित कथाहरूमा हास्य र व्यङ्ग्य रहेको पाइन्छ। ती कथाहरूमा घोचपेचको प्रधानता हुँदा व्यङ्ग्यको सृजना भएको छ। कथामा प्रयुक्त हास्यले समाज तथा राष्ट्रको सामाजिक, राजनैतिक, धार्मिक, आर्थिक, साहित्यिक, व्यक्तिगत आदि क्षेत्रमा रहेका विकृतिलाई पाठकसमक्ष ल्याई त्यसप्रति तीव्र आलोचना गर्दै सुधारको सन्देश व्यक्त गरेको देखिन्छ। आधुनिक साहित्यको मुख्य प्रवृत्ति मानिएको हास्यव्यङ्ग्य आधुनिक कथासाहित्यमा पनि भित्रिएको पाइन्छ। दार्जिलिङका कथाकारहरूले हास्य कथा लेखेर नेपाली कथासाहित्यलाई गतिशीलता प्रदान गरेको देखिन्छ। कथाहरूमा हास्य पात्रहरूको प्रस्तुति पनि धेरै छ। कथाहरूमा कतै शुद्ध हाँसो रहेको पाइन्छ भने पात्रहरूको अनौठा व्यवहारले पाठकलाई हँसाएका छन्। कथाभित्र पात्रहरू विभिन्न प्रकारले हाँसेका छन् जसलाई हास्यको वैकल्पिक भेद अन्तर्गत हेर्न सकिन्छ। दार्जिलिङका कथाहरूमा हास्यतत्त्वको प्रयोगबारे अध्ययन गर्दा सन् १९५० देखि सन् १९९०को दशकभित्र लेखिएका प्राय: कथाहरूमा हास्यतत्त्वलाई प्राथमिकता दिएर लेखिएको पाइन्छ। यस कालावधिमा लेखिएका कथाहरू मानव जीवनको खोक्रोपन, आडम्बर, विसङ्गति– जस्ता कुराहरूलाई हास्यरसको सहायताले उदाङ्गो पार्न सक्षम रहेको देखिन्छ। हास्यतत्त्वको प्रयोगले दार्जिलिङका कथाहरू रोचक एवम् हृदयस्पर्शी छन्।

•

१९ हरिश बमजन, सन् १९६५, **१००० को नोट**, दार्जिलिङ, श्याम ब्रदर्स, पृ २२